"खानेपानी, सडक, बिद्युत, कषि, पर्यटन, सञ्चार, खेलकुद, शान्तिसुरक्षा, स्वास्थ्य र शिक्षा :
पौवादुङमावासीहरुलाई उपलब्ध गराउने गाउँपालिकाको इच्छा ।"

पौवादुङमा गाउँपालिका

# गाउँपालिकाको कार्यालय,

च्याङ्ग्रे, भोजपुर

१ नं. प्रदेश नेपाल

प. सं. २०७५ / ७६
च.नं. ९२०

मिति :२०७५।५।२८

## विषय : कार्यक्रम कार्यान्वयन संवन्धमा ।

श्री सवै वडाका सवै विद्यालयहरु,
पौवादुङमा गाउँपालिका, भोजपुर ।

उपरोक्त विषयमा यस पौवादुङमा गाउँपालिकाको तेस्रो गाउँसभावाट पारित आ.व. २०८७५।७६ मा पूर्व प्राथमिक कक्षा (शिशु कक्षा) र कक्षा १ मा अध्यायन गर्ने सवै विद्यालयका विद्यार्थीहरुको दैनिक हाजीरी नियमित गराउन, विद्यालयमा पढाई हुने पुरै समय अवधि सम्म विद्यालयमा वस्न सक्ने गराउन, विद्यार्थीहरुको स्वास्थ्य स्थिति (वालपोषण) सुधार गर्न, विद्यार्थीको भर्ना दर वढाउन, विद्यार्थीले विचैमा अध्यायन छाड्ने दरलाई सुधार गर्दै विद्यार्थी उतिर्ण दरलाई वढाउदै गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य समावेश गरी विद्यार्थीलाई दिवा खाजा कार्यक्रम समावेश गरिएकोछ ।

अत: उक्त कार्य संचालन गर्न गाउँपालिका र विद्यालय विच द्धिपक्षिय संभौता गर्नु पर्ने भएकोले देहायका शर्त पालना गर्ने गरी संभौताको लागि गाउँपालिकामा उपस्थित हुन जाकारीसहित अनुरोध गरिएकोछ ।

देहाय

१. संभौताको लागि गाउँपालिकामा आउदा, विद्यार्थीको भर्ना संख्या, अविभावकको नाम, विद्यार्थीको नाम, जन्म मिति र ठेगाना सहितको विवरण समावेश गर्नुपर्नेछ ।
२. विद्यालय व्यवस्थापन समितिले कार्य संचालन गर्न प्रधानाध्यापकलाई संभौता गर्न पठाउने निर्णय, विद्यालयको वैक खाता नंवर, लेटरप्याडमा निवेदन र विद्यालयको छाप लिएर आउनु पर्नेछ ।
३. कार्यक्रम २०७५ साल असोज १ गते देखि लागु गर्ने गरी व्यवस्थापन गर्नु गराउनु पर्नेछ ।
४. दिवा खाजावापत गाउँपालिकाले रु १० प्रतिव्यक्ती प्रतिदिन उपलब्ध गराउनेछ । विद्यालयवाट रु ४ थप गरी दैनिक रु १४ वरावरको खाजा जम्मा १८० दिन सम्म विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ ।
५. विद्यालयले विद्यार्थीको हाजीरी प्रमाणीत गरी, खाजा उपलब्ध गराएको बिल भरपाई गाउँपालिकामा पेश गर्नुपर्नेछ । गाउँपालिकाले विद्यालयको वैक खातामा जम्मा गरि रकमको भुक्तानी गरिनेछ ।
६. विद्यार्थीलाई जंकफुडहरु उपभोगमा निषेध गर्नुपर्नेछ ।
७. अन्य आवश्यक कुराहरु संभौतामा उल्लेख गर्न सकिनेछ ।

वोधार्थ:
श्री वडा नंवर १ देखि ६ वडा समितिको कार्यालयहरु पौवादुङमा गाउँपालिका, भोजपुर, जानकारी तथा कार्यक्रम कार्यान्वयनमा अनुगमन तथा कार्यान्वयनमा सहयोगको लागी ।
श्री स्रोत केन्द्र मानेडाडा र श्यामसिला, सवै विद्यालयमा जानकारी गराई कार्यान्वयनमा सहयोग गरीदिने ।

शालिकराम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत